कर्मचारी क्षतिपूर्ति सहायता कोष बोर्ड

# कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेश अन्तर्गत सहयोगका लागि आवेदन बारे जानकारी

## परिचय

कर्मचारी क्षतिपूर्ति सहायता कोष ("द फण्ड") कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेश (क्याप. 365) ("ECAO") अन्तर्गत स्थापित छ र कर्मचारी क्षतिपूर्ति सहायता कोष बोर्ड ("द बोर्ड") द्वारा प्रशासित छ । यो कोष मुख्यतया कर्मचारीहरूको क्षतिपूर्ति बीमा लेवीस अध्यादेश (क्याप. 411) अन्तर्गत रोजगारदाताहरूद्वारा भुक्तान गरिएको कर भुक्तानी प्राप्त वित्तिय सहयोग बाट गरिन्छ जब उनीहरूले कामदारहरूको क्षतिपूर्ति बीमा सुरक्षा समावेश भएको सुनिश्चित गर्छन् ।

## योग्यता

घाइते कामदारहरु वा मृतक कर्मचारीहरुका योग्य परिवारका सदस्यहरु जसले कामदारहरुको क्षतिपूर्ति वा कमन ल(सामान्य कानून) अन्तर्गत क्षतिपूर्ति प्राप्त गर्न असमर्थ छन् र जसमा सम्बन्धित रोजगारदाता (वा बीमाकर्ता)द्वारा सबै कानूनी तथा आर्थिक रुपमा पुन: प्राप्तिको सम्भव माध्यमहरु समाप्त भएपछि, यस कोषबाट सहयोग प्राप्त गर्न आवेदनको लागि योग्य हुन्छन्।

## सहायताका प्रकारहरु

निम्न प्रकारहरूका सहायता कोषबाट उपलब्ध छन्:

(a) भुक्तान प्राप्त नभएका कर्मचारीहरूका लागि कर्मचारी क्षतिपूर्ति अध्यादेश (क्याप. 282) र सम्बन्धित चासोको विषयहरु अन्तर्गत काम सम्बन्धी चोटपटकहरु वा मृत्यु हुँदा क्षतिपूर्ति;

(b) कामदारहरूको क्षतिपूर्ति दावी  गर्न कानूनी कार्यवाहीहरुमा गरिएको खर्च; र

(c) त्यस्ता चोटपटकहरु वा मृत्युको कारण क्षतिपूर्तिहरु भुक्तान नभएको सामान्य कानून क्षतिपूर्ति अन्तर्गत, राहत भुक्तानहरु दिईन्छ ।

## कसरी आवेदन दिने

कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेश (ECAO) को धारा 16 अन्तर्गत बेतलबी कामदारहरूको क्षतिपूर्तिको आवेदनको लागि, आवेदकले निम्न कागजातका प्रतिलिपिहरु प्रदान गर्नुपर्नेछ:

(a) हङकङको सक्षम क्षेत्राधिकार भित्रको अदालतको फैसला वा आदेश;

(b) मृतक कर्मचारीको अन्त्येष्टिको प्रतिपूर्ति खर्च, क्षतिपूर्ति मूल्यांकन, चिकित्सा खर्च सम्बन्धमा श्रम आयुक्तले जारी गरेको प्रमाणपत्र (हरू); र

(c) अन्य कागजातहरू जसले बोर्डलाई यसको अनुसन्धानमा मद्दत गर्दछ ।

ECAO को अध्यादेशको धारा 20A अन्तर्गत भुक्तान गरिएको सामान्य कानून क्षतिको सम्बन्धमा राहत भुक्तानीका लागि आवेदन दिन आवेदकले निम्न कागजातका प्रतिलिपिहरु प्रदान गर्नु पर्नेछ:

(a) हङकङको सक्षम क्षेत्राधिकार अदालतको फैसला वा आदेश; र
(b) अन्य कागजातहरू जसले बोर्डलाई यसको अनुसन्धानमा मद्दत गर्दछ।

निवेदन प्राप्त भएपछि, बोर्डले आवश्यक ठाने मुताबिक सोधपुछहरु गर्नेछ । प्रत्येक आवेदकको बोर्डलाई सहयोग गर्नु र बोर्डले आवश्यक भए बमोजिम तोकिएको अवधीमा त्यस्ता जानकारी प्रदान गर्नु कर्तव्य हो । सो गर्न असफल भएको खण्डमा, बोर्डले एक आवेदक कोषबाट कुनै पनि भुक्तानीको हकदार हुने छैन भन्ने निर्धारण गर्न सक्दछ। थप रूपमा, बोर्डले रोजगारदाता, बीमाकर्ता र आवेदनसँग सम्बन्धित भएका कुनै पनि व्यक्तिहरुबाट बोर्डले आवश्यक पर्ने सोही अनुसार त्यस्ता सोधपुछहरु पनि गर्न सक्दछ वा जानकारी लिन सक्दछ ।

## प्रक्रियाको सूचना

घाइते कामदारहरु वा योग्य व्यक्तिहरुले जिल्ला अदालतमा कामदारहरूको क्षतिपूर्ति र/ वा जिल्ला अदालत वा उच्च अदालतमा हानी नोक्सानको लिखित आदेशपत्र(रिट) मार्फत दावी गरी कार्यवाही शुरू गर्नुपर्ने हुन्छ । **कर्मचारीहरुको क्षतिपूर्ति सहायता अध्यादेशको धारा (ECAO) 25B(1)अन्तर्गत, कर्मचारीहरुको क्षतिपूर्ति वा हानीहरुको दावी को सम्बन्धमा कार्यवाही शुरू गर्ने व्यक्तिले बोर्ड र बीमा गर्ने व्यक्ति (यदि लागू भएमा) मा कारवाहीको सूचना दिनेछ।** सूचना बोर्डमा हुलाक द्वारा 30 दिन भन्दा अगाडि कामदारहरूको क्षतिपूर्ति आवेदन वा लिखित आदेशपत्र(रिट) अदालतमा पेश गरेको मिति पछि प्रस्तुत गरिनेछ । त्यस्तो सूचना बोर्डले तोकेको फारममा लिखित रूपमा, व्यक्तिले हस्ताक्षर गरेर र कर्मचारीहरुको क्षतिपूर्ति आवेदन वा लिखित आदेशपत्र(रिट)को प्रति सहित पेश गरिनेछ। कर्मचारीहरूको क्षतिपूर्ति कार्यवाहीहरु र हानी नोक्सानको कार्यवाहीहरुको सम्बन्धमा छुट्टै सूचनाहरू बोर्डमा प्रस्तुत गर्नु आवश्यक छ । **कुनै पनि व्यक्तिले वैधानिक 30 दिन भित्र बोर्डमा आवश्यक सूचना (हरू) सेवा पेश गर्न असफल हुन्छ भने सो व्यक्ति कोषबाट कुनै पनि सहायता भुक्तानको हकदार हुनेछैन ।** ECAOको अध्यादेशको धारा 25B(2) अन्तर्गत, अपवादात्मक परिस्थितिमा मात्र जब आवेदकले बोर्डलाई लिखित रूपमा त्यहाँ/ उसले तोकिएको अवधि भित्र बोर्डलाई सूचित गर्न असमर्थ भएको ठोस कारणहरू प्रदान गरी बोर्डलाई सन्तुष्ट गरेको खण्डमा मात्र बोर्डले उक्त सूचना अवधि विस्तार गर्न विचार गर्न सक्दछ।

कामदारहरूको क्षतिपूर्ति र/ वा अदालतमा इनामको लागि प्रक्रिया गर्दा विशिष्ट कानूनी ज्ञान र न्यायिक प्रक्रियाहरू सामेल हुन सक्छन् । आफुलाई हानी नोक्सानीबाट सुरक्षित गर्न, दावीकर्ताले दक्ष कानूनी व्यक्तिबाट सल्लाह लिनुपर्दछ, र आफ्नै खर्चमा वकीलको निर्देशन लिन वा सरकारी कानूनी सहायता मार्फत निर्देशन लिनु उचित हुन्छ वा हुँदैन भनी विचार गर्न आवश्यक छ ।

## विशेष परिस्थितिहरुमा

जहाँ रोजगारदाता विरुद्द क्षतिपूर्ति दावी गर्न कर्मचारी वा योग्य व्यक्तिहरुको सम्बन्धमा बीमाको कुनै नीति लागू गरिएको छैन भने, बोर्डमा सूचना दिएर, कर्मचारी वा योग्य व्यक्तिहरुले बोर्ड विरुद्ध प्रक्रियाहरू सुरु गर्न अदालतद्वारा स्वीकृत आदेशको लागि आवेदन गर्न सक्नेछन्, जस्तै मानौं यो उसको/ उनको रोजगारदाता हो जहाँ :

(a) रोजगारदाताको पहिचान गर्न सकिदैन वा यदि पहिचान गरियो भने फेला पार्न सकिन्दैन;
(b) रोजगारदाता ऋण तिर्न नसक्ने छ;
(c) रोजगारदाताको मृत्यु भईसकेको छ वा कम्पनीको मामलामा, विघटन भएको छ, घाइते छ वा रजिस्टरबाट निकालिएको छ; वा
(d) रोजगारदातालाई कुनै पनि कारण वश कार्यवाहीको सेवा दिन सकिदैन।

## सब्रोगेसन (कानूनी हकको सन्दर्भमा एक व्यक्तिको सट्टामा देखा पर्ने अर्को व्यक्ति)

जहाँ एक आवेदकलाई कोषबाट भुक्तानी गरिएको छ, उसको/ उनको सबै अधिकारहरू र उपचारहरू उसको/ उनको हकको अनुसार (त्यो भुक्तानीको रकमको हदसम्म) बोर्डमा हस्तान्तरण र निहित छ । बोर्डले त्यस्ता कार्यहरू गर्न सक्दछ किनकि यो कोषबाट गरिएको भुक्तानीको प्रश्नमा रोजगारदाता (वा बीमाकर्ता) बाट पुन: प्राप्ति गर्न उचित देखिन्छ।

## बोर्डको निर्धारणसँग असन्तुष्टि

एक आवेदक जो उसको/उनको आवेदनको सम्बन्धमा भुक्तानीको लागि बोर्डको निर्णयसँग असन्तुष्ट छ भने आवेदकले बोर्ड विरुद्ध आदेशपत्र(रिट) मार्फत अदालतको कार्यवाही शुरू गर्न सक्नेछ ।

## अपराधहरु

जो कुनै व्यक्तिले जानीबुझी वा ठोस/ स्वीकार्य कारण बिना बोर्डलाई जानकारी प्रदान गर्दा कुनै बयान गर्दछ वा कुनै कागजात वा रेकर्ड उत्पादन गर्दछ वा कुनै घोषणा गर्दछ भने; वा जानीबुझी, कुनै पनि आवश्यकताको अनुपालन गर्न असफल हुन्छ, वा बोर्डले गरेको कुनै पनि अनुसन्धानको जवाफ दिन असफल हुन्छ भने एउटा अपराध गरेको ठहर हुन्छ र जरिवाना र जेल सजाय भोग्नु पर्दछ ।

### सोधपुछहरु

ECAO सम्बन्धी सोधपुछहरु वा आवेदन प्रक्रिया सम्बन्धी सहयोगको लागि जिज्ञासा बोर्डको सचिवालयमा गर्न सकिन्छ:

| | |
|---|---|
| ठेगाना : | 33/F, Morrison Plaza, 9 Morrison Hill Road, Wanchai, Hong Kong (MTR कजवे बे स्टेशन एग्जिट A , रसल स्ट्रीट र वान चाई रोड हुँदै तिन् लोक् लेन तर्फ हिड्नुहोस्।) |
| टेलिफोन : | 2116 5684 |
| फ्याक्स : | 2109 0310 |
| ईमेल : | contact@ecafb.org.hk |
| होमपेज : | http://www.ecafb.org.hk |

## ध्यान दिनु पर्ने बुँदाहरु

यो जानकारी नोटको तयार गर्न प्रत्येक बुँदाहरुलाई ध्यानमा राखेको छ, कानूनको प्रावधान व्याख्या गर्न एक मात्र अधिकार अध्यादेशहरूमा रहन्छ । अध्यादेशको पूर्ण पाठ न्याय विभागको दोभाषे कानून सूचना प्रणालीमा अपलोड गरिएको छ (http://www.elegislation.gov.hk)।